विधेयक संख्याः

# विनियोजन विधेयक

२०७९

प्रदेश सभा सचिवालय

बागमती प्रदेश

## <u>उद्देश्य र कारण</u>

आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ।

**<u>द्रष्टव्य</u>** : यो अर्थसम्बन्धी विधेयक हो।

**शालिकराम जम्कट्टेल**

**आर्थिक मामिला तथा योजना मन्त्री**

## आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन संवत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७९/८० को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०७९/८० को निमित्त अनुसूची – १ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची – २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पुँजीगत खर्च, महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. ७०,९१, ८१,९६,०००/- (अक्षरेपि सत्तरी अर्व एकानब्बे करोड एकासी लाख छयानब्बे हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजन:</u>** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषमा खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त अनुसूची – २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुसूची – २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्ख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान सङ्ख्यामा रकमान्तर गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्ख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान संख्यामा रकम सार्न, निकासा र खर्च जनाउन, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।

तर,

(क) एउटै अनुदान सङ्ख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकहरुमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

(ख) पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन ।

(ग) पुँजीगत अनुदान शीर्षकमा विनियोजित रकम चालु अनुदान शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

(४) स्थानीय तहका लागि अनुदान संङ्ख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्ख्यामा रकमान्तर हुने छैन ।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्ख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम जुन अनुदान सङ्ख्यामा निकासा र खर्च हुने हो सोही अनुदान सङ्ख्यामा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. **अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१) अनुदान संख्या ८०१ को रकम कानून बमोजिम स्थानीय तहले खर्च गर्न पाउने गरी अनुदानको रूपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक वर्षको भदौ १५, कार्तिक १५, माघ १५ र वैशाख १५ गते गरी चार किस्तामा दाखिला गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई प्रदेशको लक्ष्य अनुरुप राजस्व सङ्कलन हुन नसकेमा उपदफा (२)

आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेश सरकार हेटौंडा, नेपाल

बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम सङ्कलित राजस्वको अनुपात अनुसार पुनः निर्धारण गरी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १, माघ १, वैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र तथा उपदफा (३) बमोजिम बागमती प्रदेश सरकारबाट किस्ता निर्धारण भएको अवस्थामा प्रदेश सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनु पर्नेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिने छैन ।

(६) उपदफा (१) बमोजिमको अनुदान रकम मध्ये सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान बापतको रकमको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यलय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भदौ १५, कार्तिक १५, माघ १५ र वैशाख १५ गते गरी चार किस्तामा दाखिला गर्नेछ ।

(७) स्थानीय तहले सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाँउ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १, माघ १, वैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र पेश गर्नु पर्नेछ ।

(९) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (८) बमोजिमको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान बापतको बाँकी किस्ता रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिने छैन ।

(१०) सशर्त, समपुरक र विशेष अनुदानका स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत आगामी

आर्थिक वर्षको साउन मसान्तभित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम बचत रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ ।

(१२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने सबै प्रकारका वित्तीय अनुदानहरु आर्थिक मामिला तथा योजना मन्त्रालयबाट अन्तर सरकारी वित्तीय हस्तान्तरणको माध्यमबाट पठाउनु पर्नेछ ।

(१३) वार्षिक बजेटमा समावेश भएको वित्तीय हस्तान्तरण बाहेक आर्थिक वर्षको विचमा कुनै पनि नयाँ आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न थप वित्तीय हस्तान्तरण गरिने छैन ।

तर, प्रदेश सरकारको निर्णयबाट विपद्‌जन्य अवस्था, महामारी वा आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुनर्स्थापना गर्नुपर्ने अवस्था तथा अन्य कुनै विशेष परिस्थितिमा सशर्त अनुदान प्रदान गर्न सकिनेछ ।

(१४) उपदफा (१३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सशर्त अनुदान वापत प्रदान गरिने रकम निकासाका सम्बन्धमा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ । त्यसरी निकासा भएको रकम सम्बन्धित स्थानीय तहको वार्षिक बजेटमा समावेश गरी

सम्बन्धित गाउँ सभा वा नगर सभाबाट अनुमोदन गराई लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्नेछ ।

५. **योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था:** (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम संघीय सरकारको कुनै निकाय वा स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारबाट निर्णय हुनु पर्नेछ ।

तर, यस दफा बमोजिम सङ्घीय सरकारको कुनै निकायबाट पूँजीगत तर्फका आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने भएमा सङ्घीय सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृती लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णयको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ ।

हेटौंडा, नेपाल

(३) उपदफा (१) बमोजिम निर्णय भएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको एकल खाता कोष प्रणालीमा सम्बन्धित तहको कार्यालयलाई प्रदेश निकायको रूपमा उपलब्ध गराएको कार्यालय कोडमा अख्तियारी प्राप्त भए बमोजिम रकम निकासा दिनु पर्नेछ।

६. **लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षण:** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम

अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको छुट्टै लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सम्बन्धित तहको केन्द्रीय निकायमा र शुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

(३) सङ्घीय सरकारबाट सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएका कुनै योजना वा कार्यक्रम प्रदेशले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरण मार्फत प्राप्त भएमा सो बजेट खर्च गर्ने निकायले बजेटको स्रोत र भुक्तानी विधि सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा तोकिएको समयभित्र तयार गरी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय मार्फत सङ्घीय सरकारको सम्बन्धित मन्त्रालय, शोधभर्ना माग गर्ने निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन गर्नु पर्नेछ ।

हेटौंडा, नेपाल

७. **<u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:</u>** (१) स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुने गरी बनाउनु पर्नेछः

(क) संघ तथा प्रदेश सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि मात्र प्रयोग गर्ने,

(घ) पुँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगरिने,

(ङ) आयव्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली प्रचलित कानूनले निर्धारण गरे बमोजिम लागू गर्ने ।

(३) स्थानीय तहले सङ्कलन गरेको मनोरञ्जन कर, विज्ञापन कर तथा ढुङ्गा, गिटी, बालुवा, दहत्तर बहत्तर, माटोको शुल्क लगायतको प्रदेश सरकारको समेत अंश रहेको राजस्वको चालीस प्रतिशतले हुने रकम हरेक महिना बाँडफाँट गरी प्रदेश लेखा नियन्त्रक कार्यलय मार्फत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम बाँडफाँट गरी दाखिला गर्नुपर्ने रकम दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम सम्बन्धित स्थानीय तहलाई बाँडफाँट हुने सवारी साधन करबाट कट्टा गरी समायोजन गर्नेछ ।

८. **<u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:</u>** (१)प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई

कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्वत् २०७९ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

तर,

(क) विनियोजन भएको उक्त रकम कुनै मनासिब कारणले सो समयावधिभित्र बाँडफाँट गर्न नसकेमा त्यस्तो विनियोजन भएको निकायको प्रमुखले सोको कारण खुलाई संवत् २०७९ साल कार्तिक महिनाभित्र बाँडफाँटको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध गरेमा २०७९ साल पुस मसान्तभित्र बाँडफाँट गर्न सकिनेछ ।

(ख) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि सङ्घीय सरकारबाट आर्थिक वर्षको बिचमा प्राप्त हुने वित्तीय हस्तान्तरणको हकमा यो व्यवस्था लागु हुने छैन ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम र अख्तियारी मानिनेछ ।

(६) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति लिनु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्नेछ ।

तर अधिकृत एघारौं तह वा सो सरहका वा सो भन्दा माथिका कर्मचारी प्रमुख भएको निकायमा निजले चौमासिक विभाजनमा संशोधन गर्न बाधा पुगेको मानिने छैन ।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी आर्थिक मामिला ताथ योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ ।

(९) प्रदेशका कुनै मन्त्रालय, सचिवालय, आयोग वा अन्तर्गतका कार्यालयको स्वीकृत कार्यक्रम प्रदेशका अन्य मन्त्रालय, सचिवालय, आयोग वा अन्तर्गतका कार्यालयहरूबाट कामको प्रकृति, विज्ञता तथा कार्यक्षेत्रका आधारमा कार्यान्वयन गराउनु पर्ने भएमा

शुरुमा विनियोजन भएका मन्त्रालय, सचिवालय, आयोगका सचिवले कार्यान्वयन गराउनु पर्ने मन्त्रालय, सचिवालय, आयोगका सचिवलाई अख्तियारी दिई कार्यान्वयन गराउन सकिनेछ ।

९. **<u>निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्ने:</u>** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएका कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले कार्यविधि बनाउन सक्नेछ । त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र सम्बन्धित मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ।

१०. **<u>आवश्यक व्यवस्था गर्न सक्ने:</u>** (१) यस ऐन कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

# अनुसूची – १

**(दफा २ सँग सम्बन्धित)**

## नेपालको संविधानको धारा २०६ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

(रकम रु. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **अनुदान सङ्ख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पुँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश सभाको सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा | १२८०० | ० | ० | १२८०० |
| २ | २१० | प्रदेश लोक सेवा आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा | ८०९५ | ० | ० | ८०९५ |
| ३ | ६०२ | अदालतको फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम | २०० | ० | ० | २०० |
| **जम्मा** | | | **२१०९५** | **०** | **०** | **२१०९५** |

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

# अनुसूची – २
## (दफा २ र ३ सँग सम्बन्धित)
## प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

(रकम रु. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान सङ्ख्या | शीर्षक | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | २८६६७७ | ६९३७२ | ० | ३५६०४९ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | १०१४०२ | ६१५० | ० | १०७५५२ |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १९०११ | ११६५ | ० | २०१७६ |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६५२४५८ | ७५५१० | ० | ७२७९६८ |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १२७०३१ | ३१७१४ | ० | १५८७४५ |
| ६ | ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३७९५०८ | २७२००५ | ० | ६५१५१३ |
| ७ | ३१२ | कृषि तथा पशुपन्छी मन्त्रालय | ३३५२७६१ | ८३०२६७ | ० | ४१८३०२८ |
| ८ | ३१३ | खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय | ४०१९५३ | ८८१७९७० | ० | ९२१९९२३ |
| ९ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १८४७६१ | ६३५५७३ | ० | ८२०३३४ |
| १० | ३२५ | संस्कृति तथा पर्यटन मन्त्रालय | ९७७६६ | १६७१४२० | ० | १७६९१८६ |
| ११ | ३२९ | वन तथा वातावरण मन्त्रालय | १२६०७२८ | १९७९२१० | ० | ३२३९९३८ |
| १२ | ३३६ | भूमि व्यवस्था, सहकी तथा गरिवी निवारण मन्त्रालय | २०८४७७ | ३५२९० | ० | २४३७६७ |
| १३ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४०२६७१ | २३१६५९०७ | ० | २३५६८५७८ |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **अनुदान सङ्ख्या** | **शीर्षक** | **चालु खर्च** | **पुँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १४ | ३४३ | युवा तथा खेलकुद मन्त्रालय | ३६३००३ | ८६३५८५ | ० | १२२६५८८ |
| १५ | ३५० | सामाजिक विकास मन्त्रालय | २६७३८१४ | ८५४७०४ | ० | ३५२८५१८ |
| १६ | ३७० | स्वास्थ्य मन्त्रालय | ३७२४९१५ | ६६७४७० | ० | ४३९२३८५ |
| १७ | ३७१ | श्रम रोजगार तथा यातायात मन्त्रालय | ७५८६७९ | १८३७४६ | ० | ९४२४२५ |
| १८ | ३९१ | प्रदेश नीति तथा योजना आयोग | ४०९४० | १३५० | ० | ४२२९० |
| १९ | ५०१ | आर्थिक मामिला तथा योजना मन्त्रालय – वित्तीय व्यवस्था तथा शेयर लगानी | ० | ० | २०००००० | २०००००० |
| २० | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय – अर्थ विविध | ३९६६५०४ | १४००००० | ० | ५३६६५०४ |
| २१ | ८०१ | स्थानीय तह | ८३५२७२९ | ० | ० | ८३५२७२९ |
| **जम्मा** | | | **२७३५५७९८** | **४१५६२४०८** | **२००००००** | **७०९१८१९६** |

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल